# दुप्चेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट
बागमती प्रदेश नेपाल
स्था:२०७३

प.सं.:०७६/७७
च.नं.: १५२०

मिति:२०७७/१०/२२

**दुप्चेश्वर गाउँपालिकासँग साझेदारीमा समुदायमा आधारित पुनस्थापना (सि.वि.आर) कार्यक्रम संचालन गर्न इच्छुक गैर सरकारी संस्थाहरुलाई सूचना**

दुप्चेश्वर गाउँपालिका अन्तर्गत रहेका अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रम सञ्चालन तथा अनुगमन समितिको मिति २०७७/१०/१५ गते बसेको बैठकको निर्णय अनुसार यस गाउँपालिका भित्र अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम (सि.वि.आर) गाउँपालिका सँगको साझेदारीमा संचालन गर्ने इच्छुक गैरसरकारी संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित प्रस्ताव पेशको लागि सुचित गरिन्छ ।

**तपशिल**

**संस्थाले गर्न सक्ने क्रियाकलापहरु**

(१)अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यामान कानुनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा अवसर बारे जानकारी दिने परामर्श दिने र सेवा एंवम अवसर प्राप्त गर्न मद्दत गर्ने,

(२)स्थानीय तहमा तालिम संचालन गर्दा स्थानीय शिक्षक,बुद्धिजीवी,समाजसेवी,स्वंयमसेवक लगायतका सरोकारवालाहरुसँग समन्वय गर्ने र सेवा प्राप्त गर्न मद्दत गर्ने,

(३) अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्वन्धी क्रियाकलाप तथा सार्वजानिक सरोकारको विषयमा मर्यादित गर्न समन्वय गर्ने

(४) अपाङ्गता भएका व्यक्तिकहरुको अविलम्व पहिचान एंव सेवा,परामर्श,पुर्व तयारी कक्षा संचालन समाहित शिक्षा,विशेष शिक्षा, तालिम(रोजगार र व्यवसायिक तालिम) स्वास्थ्योपचार सेवा,स्याहार र रेखदेख गाराउन मद्दत गर्ने

(५) अपाङ्गता भएका व्यक्ति,परिवार,स्थानीय निकायका पदाधिकारी तथा समुदायको लागि अपाङ्गपन निरोध,न्युनिकरण एंवम उपचारात्मक लगायत सचेतना सम्वन्धी तालिम ,कार्यक्रम ,गाष्ठी ,सभा ,अन्तरक्रिया संचालन गर्ने गाराउने,

(६) उपरोक्तानुसार कार्यक्रमका बारेमा थप जानकारी लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

विनोद कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# दुप्चेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट
बागमती प्रदेश नेपाल
स्था.२०७३


प.सं.:०७६/७७
च.नं.:१५३०

मिति:२०७७/१०/२२

**गैरसरकारी संस्थाले पेश गर्नुपर्ने विवरणहरु :**

**(क) संस्थाको विवरण**

- अपाङ्गताको क्षेत्रमा कार्य अनुभव
- संस्थामा कार्यरत तलबी कर्मचारी
- भौतिक पूर्वाधार

**(ख) संस्थाले दस्तखत सँगै बुझाउनु पर्ने कागजातहरु**

- अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात
- संस्थादर्ता नवीकरण ,विद्यान र प्रशासनिक तथा आर्थिक नियामावालीको छायाकपी ।
- समाज कल्याण परिषदको आवद्धता पत्र ।
- गतवर्षको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन
- संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात ।
- गाउँपालिकामा सुचिकृत हुनुपर्ने

०७७/१०/२२

बिनोद कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत




फोननं........................फ्याक्स:........................इमेल: dupcherumun2017@gmail.com वेबसाइट:www.dupcheshwormun.gov.np